

ब्रिक्स सम्मेलनको सन्दर्भ

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

३



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २३८ ❑ २०८३ भाद्र ३० गते मंगलबार ❑ Tuesday, 15 Sept. 2026 ❑ मूल्य ७ /-



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

*तेस्रो पटक प्रकाशित मिति २०८३।०५।३०*

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/२ मा स्विकृती प्राप्त भई साविक कम्पनी नाम बदमटार बहुप्राविधिक शिक्षालय प्रा.लि.(प्रा.लि.न. ३३९९६६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋृण धन, कर दायित्व आदि परिवर्तित नामको बदमटार प्राविधिक शिक्षालय प्रा.लि अंग्रेजीमा Badamtar Prabidhik Shikshalaya Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिसँग प्रधानमन्त्रीको छलफल



**दमक/**प्रधानमन्त्री बालेन शाहले रसुवाको भोटेकोशी बाढीपछि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएका विभिन्न जिल्ला र स्थानीय तहका जनप्रतिनिधिहरूसँग छलफल गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका विपद् प्रभावित १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधिसभा सदस्यहरूसँग छलफल भएको हो । प्रभावित क्षेत्रमा बाढीपछिको अवस्थाबारे समीक्षा, अहिलेको परिस्थिति, अब चाल्नुपर्ने कदम र पुनरूत्थान लगायतका विषयमा छलफल केन्द्रित गरिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

छलफलमा नुवाकोटका प्रतिनिधिसभा सदस्यहरु विक्रम तिमिल्सिना र रूअच्युतम लामिछाने तथा नुवाकोटको विदुर नगरपालिकाका नगर प्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका नगर प्रमुख जगतबहादुर गुरूङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष विरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारी सहभागी थिए ।

यसैगरी, रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा र आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ छन् भने गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङले भने अनलाइनमार्फत छलफलमा सहभागिता जनाएका थिए ।

धादिङको गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा, गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ र बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया (विवेक) छलफलमा उपस्थित भएको जनाइएको छ ।

तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमान तथा गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दिपक तिमिल्सिना (साकार) पनि छलफलमा सहभागी रहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# रौनकतालाई थाँती राख्दै हरितालिका तीज

✍ खगेन्द्र कार्की

**दमक/** तीज भन्नेबित्तिकै धेरैका आँखामा रातो सारी, हरियो चुरा, पोते, दर र नाचगानको दृश्य आउँछ । तर यस वर्षको तीजमा त्यो उल्लास केही मधुरो देखियो । देशका विभिन्न स्थानमा भएका बाढीपहिरो र विपद्का घटनाले धेरै परिवार शोकमा छन् । यही पीडाबीच पनि नेपाली महिलाले तीजको धार्मिक तथा सांस्कृतिक परम्परालाई निरन्तरता दिएका छन् ।

हरितालिका तीजका अवसरमा दमकसहित झापाका विभिन्न देवालय तथा कोशी प्रदेशका शिवालयमा सोमबार बिहानैदेखि महिला भक्तजनहरू पुजापाठमा सरिक भएका थिए । महिलाहरु निराहार व्रत बसेर शिव-पार्वतीको पूजा, आराधना र दर्शनमा सहभागी भए । विहानीको समयमा विगतमा जस्तो तीजको चहलपहल र तडकभडक नदेखिए पनि मन्दिर पुगेका महिलाहरूले पूजापाठसँगै आफन्त तथा साथीभाइसँग भेटघाट गरे । कतिपयले मोबाइलबाट तस्बिर खिचे, सामाजिक सञ्जालमा तीजका गतिविधि सार्वजनिक गरे, टिकटक बनाए, सेल्फी खिचेर मनोरञ्जन लिए ।

दमकका विभिन्न शिवालयमा बिहानैदेखि पुगेका व्रतालु महिलाले श्रीमानको दीर्घायु, परिवारको सुख-शान्ति र समृद्धिको कामना गरे । दमकको पशुपति मन्दिरमा साँझमा आरतीसँगै महिलाहरूको उपस्थिति भव्य थियो ।

अविवाहित महिलाले योग्य जीवनसाथीको कामना गर्दै पूजा आराधना गरे । कतिपयले भने यसपटक आ ̂नो व्यक्तिगत खुसीभन्दा देशमा विपद्मा परेका परिवारको उद्धार, बाँकी ४ पेजमा ▸▸



## दमकमा पहिलोपटक गणेश चतुर्थी पूजा तथा आराधना

***दमक/*** *दमकमा पहिलोपटक गणेश चतुर्थीको अवसर पारेर साप्ताहिक रूपमा श्री गणेश पूजा तथा आराधना आयोजना गरिएको छ । दमक नगरपालिका-६ स्थित जेसिज चोकमा सुरु गरिएको पूजा तथा आराधनाको सोमबार गणेश चतुर्थी विशेष कार्यक्रम सम्पन्न भएको हो ।*

*गणेश पूजा आराधना एवं विश्व शान्ति स्थापना समितिको आयोजनामा सुरू भएको कार्यक्रममा दमक नगरपालिकाका प्रमुख राम थापाले वैदिक विधिअनुसार भगवान् गणेशको मूर्तिमा प्राणप्रतिष्ठा तथा अनावरण गरी पूजाको शुभारम्भ गरे । कार्यक्रममा सोमबार गणेश अथर्वशीर्षको सस्वर पाठ, रूद्राभिषेक, ग्रहशान्ति तथा विशेष आरतीलगायतका धार्मिक अनुष्ठान सम्पन्न भएका छन् । साँझ लोकप्रिय भजन टोली 'नमन'को विशेष भजन कन्सर्टसमेत आयोजना गरिएको आयोजकले जनाएको छ ।*

*पूजा आयोजक समितिका सदस्य जनक कार्कीका अनुसार धार्मिक आस्था तथा संस्कृतिको संरक्षणसँगै सामाजिक* बाँकी ४ पेजमा ▸▸

## भोटेकोसी बाढी: चार हजार ८९ अझै बेपत्ता



**दमक/** भोटेकोसी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३९२ जनाको शव फेलापरेको छ । बाढीमा परी अझै चार हजार ८९ जना सम्पर्कविहीन छन् । प्रहरी प्रधान कार्यालय नक्सालले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेलापरेका शवमध्ये ५४२ पुरूष, ३३६ महिला तथा ५१४ वटा शव आंशिक अङ्गसहितका छन् । भेटिएका शवमध्ये हालसम्म १०३ शव आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ । नेपाल प्रहरीका प्रवक्ता अविनारायण का ̂लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ दुई हजार ९०७ पुरूष र ५७२ महिला रहेका छन् । यस्तै, विदेशी नागरिकतर्फ २७२ पुरूष, ३२८ महिला सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।

बाढीपछि हालसम्म नौ हजार २८७ जना घाइतेको उद्धार गरिएको छ । जसमा पुरूष छ हजार ४०७, महिला दुई हजार ८३० र पहिचान नखुलेका ५० जना रहेका प्रहरी प्रधान कार्यालयले जनाएको छ । बाँकी ४ पेजमा ▸▸

## एक करोड ३९ लाख ठगेको अभियोगमा पक्राउ

**दमक**/ सुनजस्तो पहेँलो धातु देखाई एक करोड ३९ लाख ३० हजार ठगी गरेको अभियोगमा ओखलढुंगाको सिद्धिचरण नगरपालिका-१ का अनिष थापालाई जिल्ला प्रहरी परिसरबाट परिचालन भएको टोलीले पक्राउ गरेको छ । टोखा नगरपालिका-९ मिलनटोलस्थित एक गेष्ट हाउसबाट निजलाई पक्राउ गरिएको हो । करणी कसुरमा नक्खु कारागारमा सजाय भोगिरहेका अभियुक्त पोहोर भदौ २४ गते त्यहाँबाट भागेका कैदी हुन् ।

यसैबीच,स्रोत नखुलेको रु १३ लाख ७५ हजारसहित हुण्डी बाँकी ४ पेजमा ▸▸

## दुर्घटनामा दुईको मृत्यु

**इटहरी** / इटहरीमा मोटरसाइकल दुर्घटना हुँदा जिल्ला प्रशासन कार्यालय सुनसरीमा कार्यरत कर्मचारी सागर रेग्मीसहित दुई जनाको मृत्यु भएको छ ।

इटहरीबाट इनरुवातर्फ जाँदै गरेको प्रदेश १-०२-०४३ प ५५१४ नम्बरको मोटरसाइकल इटहरी उपमहानगरपालिका-७, बालग्राममा दुर्घटनामा परेको थियो ।

दुर्घटनामा जिल्ला प्रशासन कार्यालय सुनसरीमा करार सेवामा कार्यरत इनरुवा नगरपालिका-३ का बाँकी ४ पेजमा ▸▸

## ओलीलाई नेतृत्वबाट हटाएरै छाड्ने केसीको दाबी

**दमक/** नेकपा एमालेका नेता कृष्ण केसीले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई नेतृत्वबाट हटाएरै छाड्ने दाबी गरेका छन् । रिपोर्टर्स क्लब नेपालद्वारा आयोजित साक्षात्कारमा बोल्दै केसीले प्रमुख दलहरु आन्तरिक विवादमा रूमल्लिँदा देश र जनताका पक्षमा प्रभावकारी भूमिका खेल्न नसकेको बताए । उनले आन्तरिक लोकतन्त्र कमजोर हुँदा बाढी पहिरोपीडितको उद्धार र राहतमा समेत राजनीतिक दलहरूको पर्याप्त ध्यान पुग्न नसकेको टिप्पणी गरे ।

संयुक्त राष्ट्रसंघमा प्रधानमन्त्रीले जलवायु परिवर्तनका कारण नेपालले भोगेको क्षतिबापत क्षतिपूर्ति माग गर्नुपर्नेमा उनले जोड दिए । बजारमा कालोबजारी र मूल्यवृद्धि बढेको उल्लेख गर्दै केसीले मन्त्री फेरबदलले मात्रै समस्या समाधान नहुने बताए । सरकारको नीति र कार्यशैलीमै परिवर्तन आवश्यक रहेको उनको भनाई थियो ।

## "विद्यार्थीका सुझावका आधारमा पाठ्यक्रम परिमार्जन गर्छौं"



**दमक/** शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदायबाट प्राप्त सुझाव र गुनासोलाई आधार बनाएर शिक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक सुधार गरिने बताएका छन् ।

मधेश प्रदेशको भ्रमणका क्रममा सप्तरीका विभिन्न विद्यालयमा पुगेर विद्यार्थी, शिक्षक तथा अभिभावकसँग प्रत्यक्ष संवाद गर्दै उनले विद्यार्थीले दिएका सुझाव र गुनासो शिक्षा सुधारका लागि महत्वपूर्ण रहेको बताउँदै प्राप्त सुझावलाई समेटेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माणको प्रक्रिया अघि बढाइने जानकारी दिए ।

उनले काठमाडौँमा बन्द कोठामा बसेर मात्र पाठ्यक्रम निर्माण गर्ने अभ्यासलाई अन्त्य गर्नुपर्ने बताए । भदौ २६ गते धनुषाबाट सुरू भएको मन्त्रीसहितको टोलीको मधेश यात्रा सप्तरीको महावीर माध्यमिक विद्यालयमा पुगेर सम्पन्न भएको थियो । यात्राका क्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायसँग शिक्षा क्षेत्रका समस्या, आवश्यकता तथा सुधारका विषयमा सुझाव संकलन गरिएको थियो ।

## नयाँ अलैंची निस्किएसँगै बजार मुल्य घट्यो



**ताप्लेजुङ/** पहाडी जिल्लामा अलैची टिप्ने र बजार पठाउने कारोबार शुरू भएको छ । बजारमा नयाँ अलैची देखापरेसँगै मुल्यमा भने भारी गिरावट आएको छ । भदौ पहिलो सातादेखि कारोबार सुरू भएको अलैंचीको मूल्य अहिले प्रति मन एघार हजार रूपियाँले घटेको छ । नयाँ उत्पादन बजारमा आउन थालेसँगै कारोबार सुरु भएको अलैंचीको मूल्य हवात्तै घटेको हो ।

ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजारमा भदौ पहिलो साता प्रतिमन (४० किलोग्राम) ९६ हजार रूपियाँमा कारोबार भएको थियो । भदौको दोस्रो साताभर सुरूकै मूल्यमा अलैंचीको कारोबार भएको र त्यसपछि मूल्य घट्न थालेको अलैंची व्यवसायी सँग ताप्लेजुङका अध्यक्ष भद्रबिर रेग्मीले जानकारी दिए । बाँकी ४ पेजमा ▸▸

## युवतीहरुको कामुक भिडियो बनाउने युवक पक्राउ

**झापा/**युवतीहरूको कामुक भिडियो बनाएर सामाजिक सञ्जालमार्फत प्रचार-प्रसार गरेको आरोपमा एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पाचँथरको फिदिम नगरपालिका-३ घर भएर काठमाडौं-२६ मा बस्ने २४ वर्षीय सरोज लामा रहेका छन्। वेश्यागमनको प्रचार-प्रसार हुने साम्रगीहरू बनाएर सामाजिक सञ्जालमार्फत पोस्ट गर्ने गरेको सूचनाका आधारमा प्रहरीले लामालाई पक्राउ गरेको हो ।

वेश्यागमनको प्रचार गर्न नहुने कसुरमा काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद थपेर लामामाथि अनुसन्धान थालिएको छ ।


**औषधिको जथाभावी प्रयोग नगरौं**

- **चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,**
- **चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,**
- **रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,**
- **अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,**
- **म्याद नाघेको औषधि प्रयोग नगरौं / नगराऔं,**
- **औषधिको सुरक्षित र जिम्मेवारपूर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।**

*औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ।*
*तसर्थ, चिकित्सकको सल्लाहअनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं ।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## विकासमा दिर्घकालिन सोचको आवश्यकता

विकासका योजना घोषणा गर्नु सजिलो छ, उद्‌घाटन गर्नु अझ सजिलो । तर ती योजनालाई नियमित, प्रभावकारी र दीर्घकालीन सेवामा रुपान्तरण गर्नु सरकारका लागि वास्तविक परीक्षा हो । झापासहित कोशी प्रदेशमा पछिल्ला वर्षहरुमा अनेकौं योजना घोषणा र उद्‌घाटन भएका छन् । तर प्रश्न अब योजना कति बने भन्ने होइन, कति चले र जनताले त्यसबाट कति लाभ पाए? भन्ने हो ।

यसको पछिल्लो उदाहरण हो–करिब ८० लाख रूपैयाँ खर्च गरेर सञ्चालनमा ल्याइएको 'कोशी घुम्ती अस्पताल' । ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई गाउँमै स्वास्थ्य सेवा दिने उद्देश्यले तयार गरिएको उपकरणसहितको बस सेवा शुभारम्भ भएको आठ महिना नपुग्दै थन्किएको छ । स्वास्थ्य परीक्षण, रेडियोलोजी, एक्सरे, रगत परीक्षण तथा नमुना संकलन गर्न सक्ने उपकरण जडान गरिएको बस अहिले गाउँगाउँ पुग्नुको सट्टा विराटनगरस्थित अस्पताल परिसरमा पार्किङमा छ ।

यो एउटा बसको कथा मात्र होइन । यो हाम्रो विकास योजना बनाउने शैलीमाथिको गम्भीर प्रश्न हो । योजना सुरू गर्नुअघि त्यसको सञ्चालन कसरी गर्ने, कहाँ(कहाँ पुऱ्याउने, आवश्यक जनशक्ति कहाँबाट जुटाउने, इन्धन र मर्मत खर्च कसरी व्यवस्थापन गर्ने तथा ग्रामीण र पहाडी सडकमा उक्त साधन कत्तिको उपयोगी हुन्छ भन्ने विषयमा पर्याप्त अध्ययन हुनुपर्थ्यो । ठूलो रकम खर्च गरेर संरचना वा उपकरण तयार पार्ने, उद्‌घाटन गर्ने र त्यसपछि सञ्चालनको जिम्मेवारीबारे अन्योल हुने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

झापामा पनि विकासका यस्तै धेरै प्रश्न छन् । सडक बनेपछि नियमित मर्मतको योजना कति छ? स्वास्थ्य संस्था बनेपछि आवश्यक जनशक्ति र उपकरण छन् कि छैनन् ? कृषि उत्पादन बढेपछि किसानले बजार र उचित मूल्य पाएका छन् कि छैनन्? तीव्र सहरीकरणसँगै दमकमा फोहोर, ढल, पार्किङ र ट्राफिक व्यवस्थापनका दीर्घकालीन योजना कति प्रभावकारी छन् ?

अब विकासलाई बजेट खर्च वा उद्‌घाटनको संख्याबाट मापन गर्ने समय होइन । नागरिकको जीवनमा परेको प्रभावबाट विकासको मूल्यांकन हुनुपर्छ । सरकार फेरिँदा योजना फेरिनु हुँदैन । राजनीतिक नेतृत्व परिवर्तन भए पनि जनताको आवश्यकता उस्तै रहन्छ । त्यसैले प्रदेश र स्थानीय सरकारले पाँच(दश वर्षको स्पष्ट लक्ष्यसहित योजना बनाउनुपर्छ ।

हरेक ठूलो परियोजनाअघि एउटा प्रश्न अनिवार्य हुनुपर्छ–यो योजना पाँच वर्षपछि पनि कसरी चल्छ ? थन्किएको घुम्ती अस्पताललाई तत्काल पुनः सञ्चालनमा ल्याउने वा उपयुक्त विकल्प खोज्ने जिम्मेवारी प्रदेश सरकारको हो । जनताको करबाट बनेको सम्पत्ति प्रयोगविहीन हुनु स्वीकार्य हुन सक्दैन । झापाको समृद्धि भाषण, शिलान्यास र उद्‌घाटनले होइन, चलायमान स्वास्थ्य सेवा, व्यवस्थित सडक, सुरक्षित सहर, उत्पादनशील कृषि र रोजगारीका अवसरले देखिनुपर्छ । अब सरकारसँग नयाँ घोषणा होइन, परिणामको अपेक्षा आवश्यक छ ।

## तीजलाई सभ्य र सन्देशमूलक बनाउन मुख्यमन्त्री कार्कीको आग्रह



विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले हरितालिका (तीज) पर्वले सांस्कृतिक परम्पराको संरक्षणसँगै महिला अधिकार, समानता र सशक्तीकरणको अभियानलाई थप बलियो बनाउनुपर्ने बताएका छन् ।

तीजको अवसरमा शुभकामना सन्देश जारी गर्दै कार्कीले महिलालाई पूर्णरूपमा अधिकार सम्पन्न बनाउन सबैको साझा प्रयास र सहकार्य आवश्यक रहेको उल्लेख गरे । उनले कोशी प्रदेश तथा स्वदेश–विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनीमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरे ।

तीजले मौलिक संस्कृति, सामाजिक सद्‌भाव, एकता र पारिवारिक सम्बन्धलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको कार्कीले बताए । समयक्रमसँगै पर्वका मौलिक मूल्य, मान्यता र सांस्कृतिक पक्ष संरक्षण गर्दै यसलाई अझ सभ्य र सन्देशमूलक बनाउनुपर्नेमा उनले जोड दिए ।

भोटेकोशी नदीमा आएको बाढीका कारण मुलुक शोकमा रहेको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले यसपटक तीज पर्वलाई संयमित र सहयोगी भावनाका साथ मनाउन आग्रह गरे । उनले तडकभडक नगरी एकअर्काप्रति सहयोगी भावना र सम्मानका साथ पर्व मनाउन अपिल गरे । नेपालको संविधानले महिलाको समान सहभागिता, समान अधिकार र राज्यका हरेक निकायमा पहुँचको आधार सुनिश्चित गरे पनि व्यवहारमा महिलाको सहभागिता र पहुँच अपेक्षाकृत रूपमा बढ्न नसकेको कार्कीले बताए । महिलाका अधिकार पूर्णरूपमा स्थापित गर्न सबैको साझा प्रयास, सहकार्य र हातेमालो आवश्यक रहेको उनको भनाइ छ । तीजका अवसरमा महिलाको समान अधिकार, सम्मान र सहभागिता सुनिश्चित गर्दै न्यायपूर्ण समाज निर्माणका लागि साझा संकल्प गर्न उनले आह्‌वान गरे ।

तीज पर्वले सांस्कृतिक परम्पराको संरक्षणसँगै महिला अधिकार, समानता, सम्मान र सशक्तीकरणको अभियानलाई थप बल पुऱ्याउने विश्वास व्यक्त गर्दै कार्कीले सम्पूर्ण नेपाली दिदीबहिनीको जीवनमा सुख, शान्ति, समृद्धि र आत्मसम्मान कायम होस् भन्ने कामना गरे ।

# ब्रिक्स सम्मेलनको सन्दर्भ



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**विश्व अहिले युद्धको मानसिकतामा छ । रुस र युक्रेन बीचको युद्धले खास गरेर विकासशील भनिएका नेपाल, भारत जस्ता मुलुकहरुलाई ठूलो आर्थिक समस्या सृजना गर्दै लगिरहेको देखिन्छ । अमेरिकाले रूसमाथि लगाएको आर्थिक र व्यापारिक नाकाबन्दीको कारणले गर्दा खास गरेर दक्षिणी एसियाली मुलुकहरुमा ठूलो इन्धन संकट र ऊर्जा संकट तथा खाद्यान्न संकट पनि सिर्जना हुँदै गएको देखिन्छ ।**

भारत यतिखेर १८औं ब्रिक्स सम्मेलनको आयोजना भारतको नयाँ दिल्लीस्थित भारतमण्डप भवनमा गरिरहेको छ । व्यवसायिक प्रबन्धन र विकासका लागि सन् २०२६ को १२ र १३ सेप्टेम्बरका दिन आयोजना गरिएको यस सम्मेलनका उपलब्धिहरु माथि सम्पूर्ण विश्वका राष्ट्रहरूको ध्यान आकर्षित भइरहेको छ ।

भारतले चौथो पटक ब्रिक्सको सम्मेलनको अध्यक्षता र नेतृत्व गर्ने अवसर प्राप्त गरेको छ । यसबाट वैश्विक रूपमै व्यापारको प्रवर्धन गर्ने र बाधा व्यवधानरहित तरिकाबाट व्यापार गरी परस्पर फाइदा हासिल गर्ने अपेक्षा गरिएको छ । तर ब्रिक्सको १८औ सम्मेलन यस्तो समयमा भइरहेको छ जतिबेला इजरायल र अमेरिका मिलेर इरानको विरूद्ध युद्धको घोषणा गरेका छन् । त्यस्तै रूस र युक्रेन बीच लामो समयदेखि चलिरहेको कठिन युद्धहरूबाट वैश्विक रूपमै आर्थिक चुनौतीहरु र व्यापारिक अवरोधहरु बढ्दै गइरहेको अनुभव गर्न सकिन्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेतृत्व गर्ने ब्रिक्स सम्मेलनको वैश्विक मञ्चमा करिब विश्वका एक दर्जनभन्दा बढी सदस्य राष्ट्रका नेताहरु तथा सरकारका प्रतिनिधिहरु कार्यक्रममा भाग लिने अपेक्षा गरिएको छ । मुख्य रूपमा ब्रिक्स सम्मेलनले पश्चिमेली देशहरूहरूले विश्वका अन्य देशहरूका व्यापारहरु माथि नियन्त्रण गरिरहेको सन्दर्भमा यो सम्मेलनलाई निकै अर्थपूर्ण मानिएको छ । सर्वप्रथम सन् २००९ मा ब्राजिल, रसिया, इन्डिया र चीन मिलेर बिआरआई सी नाम गरेको व्यापार संगठन को स्थापना गरेका थिए ।

सम्मेलन स्थापनाको एक वर्षपछि दक्षिण अफ्रिका ले पनि यस सम्मेलनको सदस्यता ग्रहण गरेपछि यस संस्थाको नाम बिआरआइसीएस अर्थात् ब्रिक्स छोटकरीमा रहन गएको हो । प्रत्येक वर्ष यस संस्थाले गरिने कार्यक्रमहरु र गतिविधिहरूले गर्दा ब्रिक्सका सदस्य देशहरूको सत्यामा उल्लेखनीय वृद्धि हुँदै गइरहेको देखिन्छ । सन् २०२३ सम्म ब्रिक्सका सदस्य राष्ट्रहरूको संख्यामा लगातार बढोत्तरी हुँदै गइरहेको छ । इजिप्ट, इथियोपिया, इरान, साउदी अरबिया र युनाइटेड अरब इमिरेट्स लगायतका मुलुकहरू यस संस्थाका सदस्य बनिसकेका छन् । सन २०२५ मा इन्डोनेसियाले पनि ब्रिक्स सम्मेलनको सदस्यता प्राप्त गरेको थियो । वर्तमान समयमा ब्रिक्स सम्मेलनका सदस्य राष्ट्रहरूको संख्या ११ पुगिसकेको छ । ब्रिक्स सदस्यता प्राप्त गरेका मुलुकहरूको कुल घरेलु उत्पादन अर्थात् जिडीपी विश्वको कुल जीडीपीको ४९ प्रतिशत जति रहेको छ । त्यसकारणले विश्व व्यापारको सञ्चालनमा यस संस्थाको निर्णयक भूमिका रहनेछ भन्ने अपेक्षा गरिएको छ ।

एकातिर अमेरिका लगायत अन्य पश्चिमेली ठूलाठूला मुलुकहरूले डलर केन्द्रित विश्व बजार व्यवस्थालाई निर्णायक बनाइरहने अवस्था सिर्जना गराइएको छ भने अर्कोतिर पश्चिमेली मुलुकहरूबाट तेर्स्याइएका व्यापारसम्बन्धी अवरोधहरु लाई हटाउन डलरमाथिको निर्भरतालाई बिस्तारै कम गराउँदै जाने अपेक्षा गरिएको छ र दुईपक्षीय मुद्रामा नै अन्तर्राष्ट्रिय व्यापार सञ्चालन गर्ने कुराहरूको वकालत गर्न थालिएको छ । यस सम्मेलनमा रसियन राष्ट्रपति भलादिमिर पुटिन, इरानका राष्ट्रपति मसुद पेजेसकियन, संयुक्त राष्ट्र संघका अध्यक्ष अन्टोनियो गुटुरेज, चीनका राष्ट्रपति जिन जिनपिङ, इन्डोनेसिया, इथियोपिया, युएइ लगायत देशका सरकार प्रमुखहरु तथा प्रतिनिधिहरूले सहभागिता जनाइरहेका छन् ।

यसबाहेक विश्वका अन्य देशका चर्चित व्यक्तित्वहरूले पनि सहभागिता जनाइरहेका छन् जसमा मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम, फिलिपिन्सका राष्ट्रपति फर्डिनान्डो आर मार्कोस भियतनामका प्रधानमन्त्री लिमिन हङ्, नाइजेरियाका उपराष्ट्रपति कासिम सेटीमा, बुरूण्डीका राष्ट्रपति दाबी सिमियो, युएइका विदेशमन्त्री ब्रुनो रोड्रिग प्यारील, उगान्डाका राष्ट्रपति जेसीको अलुपो, बहरिनका विदेशमन्त्री अल जाएनी, कजाकिस्तानका राष्ट्रपति कासिम जोमाट टोकाई, विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रोस अधानोम, विश्व व्यापार संगठन अर्थात् वर्ल्ड ट्रेड अर्गनाइजेसनका प्रमुख जनरल गोजी ओकुन्ज लगायतका प्रमुख व्यक्तित्वहरु पनि यस सम्मेलनमा सहभागी बन्न पुगेका छन् ।

दुनियाका कतिपय मुलुकहरूले वैश्विक राजनीतिमा र व्यापारमा दादागिरी देखाइरहेको सवालमा ब्रिक्स सम्मेलनका सदस्य राष्ट्रहरु तथा सहभागी राष्ट्रहरूले विश्व व्यापारमा पश्चिमेली राष्ट्रहरूले देखाएको एकाधिकारवादी प्रवृत्ति र दादागिरी लाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरालाई नै संगठन बनाएर हरेक किसिमका व्यापारिक चुनौतीहरूलाई समाधान गर्ने सम्मेलनको लक्ष्य लिइएको छ । ब्रिक्सका सदस्य राष्ट्र हरूको समुन्नतिका लागि व्यापार, ऊर्जा, सहयोग तथा ज्ञान आदानप्रदान गर्ने लगायत आरटीफिसियल इन्टेलिजेन्स र प्रविधि लाई कसरी एकअर्काको लागि सहयोगी र सुविधाजनक बनाउने कुरालाई नै यस सम्मेलनको प्रमुख एजेन्डा बनाइएको छ ।

खास गरेर अन्तर्राष्ट्रिय मूल्यमा भुक्तानी गर्नुपर्दा सीमापारीका भुक्तानीहरूलाई कसरी सजिलो बनाउने भन्ने कुराको बारेमा पनि व्यापक बहस गरी निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ । अहिले भारतमा तीव्र गतिमा औद्योगिक विकास भइरहेको छ । भारतको विकास दर चीन र रूसको भन्दा पनि उत्कृष्ट रूपले अगाडि बढिरहेको छ । करिब ७.५ प्रतिशतको दरले वार्षिक आर्थिक वृद्धिदर बढ्दै जानु कुनै पनि देशको लागि गर्व गर्ने उपलब्धिको रूपमा नै लिन सकिन्छ । यस्तो अवस्थामा भारतको आन्तरिक उत्पादनले विश्व बजारलाई ठूलो महत्व राख्दछ भन्ने कुरा छलङ्ग हुन्छ ।

चीन, रूस र भारत मिलेर उदारतापूर्वक व्यापारमा सहभागिता गर्न सकियो भने धेरै कुराहरूमा विश्व व्यापारलाई सजिलो बनाउन सकिन्छ । तर विश्व अहिले युद्धको मानसिकतामा छ । रूस र युक्रेन बीचको युद्धले खास गरेर विकासशील भनिएका नेपाल, भारत जस्ता मुलुकहरूलाई ठूलो आर्थिक समस्या सृजना गर्दै लगिरहेको देखिन्छ । अमेरिकाले रूसमाथि लगाएको आर्थिक र व्यापारिक नाकाबन्दीको कारणले गर्दा खास गरेर दक्षिणी एसियाली मुलुकहरूमा ठूलो इन्धन संकट र ऊर्जा संकट तथा खाद्यान्न संकट पनि सिर्जना हुँदै गएको देखिन्छ ।

यसैको सेरोफेरोमा इरानविरूद्ध इजरायल र अमेरिकाले गरेको भीषण युद्धको कारणले सम्पूर्ण खाडी क्षेत्रहरूमा लगातार संकटहरु बढ्दै गइरहेको कारणले गर्दा नेपाल जस्ता ससाना मुलुकहरूले पनि मट्टी तेल पेट्रोल डिजल र खाना पकाउने ग्यास लगायतका आवश्यक वस्तुहरूको ठूलो संकट भोग्नु परिरहेको अवस्था विद्यमान रहेको छ । युद्धको कारणले खाडी मुलुकहरु अशान्त हुनु रूस र युक्रेन अशान्त हुनु जस्ता घटनाहरूले दुनियाका थुप्रै विकासशील मुलुकहरूलाई जीवन धान्न पनि समस्या सिर्जना गर्दै लगिरहेको सन्दर्भमा यस्ता अवरोधहरूलाई जसरी भएपनि पन्छाउँदै जानु ठूलो कार्य हुन्छ । ब्रिक्स सम्मेलनले रूस र युक्रेन बीचको युद्धलाई कसरी बन्द गराउँछ तथा अमेरिका इजरायल र इरानबीच चलेको भीषण संघर्षलाई कसरी साम्य पार्छ भन्ने कुरामा पनि यस सम्मेलनको सफलता निर्भर रहेको छ । किनभने युद्ध बन्द भयो भने मात्र व्यापारिक अवरोधहरु हट्ने र सुपथ मूल्यमा बजारमा सामानहरु उपलब्ध हुने अपेक्षा गर्न सकिन्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अहिले विश्वका धेरै नै उत्कृष्ट नेताहरूमध्ये पर्नु हुन्छ । त्यसकारणले विश्वमा शान्ति स्थापनाको प्रयासमा उहाँको योगदानले ठूलो अर्थ राख्दछ । खास गरेर नेपाल जस्ता भूपरिवेष्ठित मुलुकहरु एक हिसाबले पूर्णरूपमा नै भारतमाथि निर्भर रहेको छ । नेपाल दुई ढुंगा बीचको तरूल जस्तो कमजोर अवस्थामा रहेको मुलुक भएको कारणले गर्दा नेपाललाई विश्व बजारसम्म पुग्न भारतीय व्यापार नीतिले ठूलो महत्व राख्दछ । नेपालको अर्थतन्त्र कमजोर छ । नेपालको जीडीपी पनि विश्व व्यापारमा नगन्य नै मान्न सकिन्छ यस अर्थमा नेपालको अर्थतन्त्रलाई थेग्न विश्वकै बजार व्यवस्थाको आडभरोस रहेको छ । अहिले नेपालमा पेट्रोलियम पदार्थहरूको निकै नै अभाव रहेको छ ।

विभिन्न वस्तुहरूको मूल्यमा लगातार वृद्धि हुँदै गइरहेको छ। नेपाली उपभोक्ता र नेपालका आम जनता कतिपय वस्तुहरूलाई प्राप्त गर्न सकिरहेका छैनन् । इन्धनको अभावले गर्दा नेपालमा पेट्रोलियम पदार्थहरु दिनप्रतिदिन दुर्लभ हुँदै गइरहेको छ । यस्तो अवस्थामा ब्रिक्स सम्मेलनका ठोस उपलब्धिहरूबाट नेपालको आन्तरिक घरेलु उत्पादनलाई पक्कै पनि प्रोत्साहन हुनेछ र विदेशी बजारबाट नेपालमा भित्रिने मालसामानहरु पनि नेपाली जनताले सुविधाजनक ढंगले प्राप्त गर्नेछन् भन्ने अपेक्षा गर्न सकिन्छ । नेपाल अहिले प्राकृतिक संकटको मारमा परेको छ ।

नेपाललाई विश्व समुदायसँग जलवायु न्याय र जलवायु क्षतिपूर्तिको लागि समर्थनको पनि अपेक्षा छ । नेपालमा भएको ग्लेसियर विस्फोटका घटनाहरूले आम नेपालीहरूको दैनिकी फेरिएको छ । जनता अभावमा बाँच्न बाध्य भइरहेका छन् । एक हिसाबले देशको अर्थतन्त्र नै ध्वस्त भइसकेको छ । देशको पुनर्निर्माण कहाँबाट सुरू गर्ने र पूर्वाधारहरु कसरी निर्माण गर्ने भन्ने कुरासम्ममा पनि सरकारलाई सकस परिरहेको अवस्था छ ।

जलवायु संकटले नेपाललाई थिलथिलो पारेको अवस्थामा ब्रिक्स संगठनले पक्कै पनि प्रकृतिको अन्याय सहन विवश भएको नेपाल जस्ता देशहरूको लागि केही थप सुविधाजनक आर्थिक र व्यापारिक समुन्नतिका नीति हरु लागू गर्नेछन् र नयाँ सहमतिहरूबाट वैश्विक जगतलाई ठूलो कल्याण हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

# दुई तिहाइ सरकारसँग निजी क्षेत्रका अपेक्षा



गोपाल गुरागाई

**दुई तिहाइको सरकारको वास्तविक परीक्षा संसदमा होइन, बजार र जनताको जीवनमा हुनेछ । उद्योग खुले कि खुलेनन् ? लगानी बढ्यो कि बढेन ? रोजगारी सिर्जना भयो कि भएन ? बजार चलायमान भयो कि भएन ? युवाले स्वदेशमै भविष्य देख्न थाले कि थालेनन् ? यी नै सरकारको सफलताका वास्तविक मापदण्ड हुन् । त्यसैले निजी क्षेत्रको सरकारसँग स्पष्ट आग्रह छ, राजनीतिक स्थिरतालाई आर्थिक स्थायित्वमा बदलियोस् । नीतिगत अन्योल अन्त्य होस् ।**

अब परिणाम चाहिन्छ । दुई तिहाइको बलियो सरकार बनेपछि देशमा राजनीतिक स्थायित्वसँगै आर्थिक सुधारको अपेक्षा बढेको छ । लामो समयदेखि राजनीतिक अस्थिरता, नीतिगत अन्योल, कमजोर लगानी र सुस्त अर्थतन्त्रको मार खेपिरहेको निजी क्षेत्रका लागि यो सरकार अवसर पनि हो र चुनौती पनि ।

अब सरकारसँग बहाना बनाउने सुविधा छैन । दुई तिहाइको राजनीतिक शक्ति यदि आर्थिक सुधारमा प्रयोग हुन सकेन भने त्यसको औचित्यमाथि प्रश्न उठ्नेछ । त्यसैले सरकारको पहिलो प्राथमिकता सत्ता व्यवस्थापन होइन, अर्थतन्त्र चलायमान बनाउनु हुनुपर्छ । आज निजी क्षेत्रको सबैभन्दा ठूलो समस्या लगानीको अभाव मात्र होइन, विश्वासको अभाव हो ।

उद्योगी–व्यवसायी लगानी गर्न चाहन्छन्, तर नीति कहिले बदलिन्छ भन्ने अन्योल, अनुमति लिनुपर्ने झन्झट, प्रशासनिक ढिलासुस्ती, उच्च व्यावसायिक लागत र कर्जाको कठिनाइले नयाँ लगानीलाई निरूत्साहित गरिरहेको छ । सरकारले यसलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्छ। अब उद्योग तथा व्यवसाय दर्ता, अनुमति, कर, विद्युत्, जग्गा र अन्य प्रशासनिक प्रक्रियालाई सरल र समयबद्ध बनाउनु आवश्यक छ । 'एकद्वार प्रणाली' कागजमा मात्र होइन, व्यवहारमै देखिनुपर्छ। लगानीकर्ताले एउटा कार्यालयबाट अर्को कार्यालय धाउनुपर्ने अवस्था अन्त्य हुनुपर्छ ।

अर्को महत्वपूर्ण विषय हो–कर्जा र ब्याजदर। उत्पादनमूलक क्षेत्रमा सहज र दीर्घकालीन कर्जाको वातावरण नबनाई उद्योग विस्तार र रोजगारी सिर्जना सम्भव छैन । संकटमा परेका व्यवसायलाई पुनर्संरचना र पुनर्कर्जाको अवसर दिँदै नयाँ लगानीलाई प्रोत्साहन गर्नुपर्छ । कर प्रणाली पनि व्यवसायीमैत्री हुनुपर्छ । निजी क्षेत्र कर तिर्नबाट भाग्न खोजेको होइन; तर कर प्रशासन पारदर्शी, सरल र न्यायपूर्ण हुनुपर्छ ।

साना तथा मझौला व्यवसायलाई अनावश्यक प्रशासनिक बोझबाट मुक्त गर्दै करको दायरा विस्तार गर्ने नीति आवश्यक छ । उत्पादन र रोजगारीलाई अब राष्ट्रिय अभियान बनाउनुपर्छ । हरेक वर्ष हजारौँ युवा रोजगारीका लागि विदेशिनुपर्ने अवस्था बदल्न उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि र सेवा क्षेत्रमा ठूलो लगानी आवश्यक छ । सरकारले रोजगारी सिर्जना गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गर्ने स्पष्ट नीति ल्याउनुपर्छ । त्यसैगरी, हालैका बाढी तथा डुबानबाट क्षतिग्रस्त सडक, पुल, बजार, उद्योग र व्यवसायको पुनर्निर्माणलाई राहत वितरणमा मात्र सीमित गर्नु हुँदैन ।

पुनर्निर्माणलाई आर्थिक पुनर्जीवनसँग जोड्नुपर्छ। प्रभावित व्यवसाय पुनः सञ्चालन गर्न विशेष सहुलियत, कर्जाको पुनर्संरचना र आवश्यक नीतिगत सहयोग दिनुपर्छ । सरकारले निजी क्षेत्रलाई केवल राजस्व उठाउने माध्यमका रूपमा हेर्ने दृष्टिकोण पनि बदल्नुपर्छ । निजी क्षेत्र रोजगारी, उत्पादन र आर्थिक समृद्धिको साझेदार हो । त्यसैले नीति निर्माणदेखि कार्यान्वयनसम्म सरकार र निजी क्षेत्रबीच नियमित र संस्थागत संवाद आवश्यक छ । तर निजी क्षेत्र पनि आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन । पारदर्शी व्यवसाय, गुणस्तरीय वस्तु तथा सेवा, श्रमिकको सम्मान, कर दायित्वको पालना र सामाजिक उत्तरदायित्व निजी क्षेत्रको कर्तव्य हो ।

अन्ततः दुई तिहाइको सरकारको वास्तविक परीक्षा संसदमा होइन, बजार र जनताको जीवनमा हुनेछ । उद्योग खुले कि खुलेनन् ? लगानी बढ्यो कि बढेन ? रोजगारी सिर्जना भयो कि भएन ? बजार चलायमान भयो कि भएन ? युवाले स्वदेशमै भविष्य देख्न थाले कि थालेनन् ? यी नै सरकारको सफलताका वास्तविक मापदण्ड हुन् । त्यसैले निजी क्षेत्रको सरकारसँग स्पष्ट आग्रह छ– राजनीतिक स्थिरतालाई आर्थिक स्थायित्वमा बदलियोस्। नीतिगत अन्योल अन्त्य होस् । लगानीको वातावरण बनोस् । उद्योग चलून् । उत्पादन बढोस् । रोजगारी सिर्जना होस् । अब आश्वासन होइन, परिणाम चाहिन्छ । यही दुई तिहाइ सरकारको सबैभन्दा ठूलो परीक्षा हो ।

(लेखक दमक उद्योग बाणिज्य संघका अध्यक्ष हुन् ।)

# तिम्बुङ पोखरी परिसरमा गुञ्जियो च्याब्रुङ



फुङ्लिङ/ ताप्लेजुङको उच्च हिमाली क्षेत्रमा पर्ने तिम्बुङ पोखरी क्षेत्रमा पहिलो पटक के:लाङ (च्याब्रुङ) प्रदर्शन गरिएको छ ।

समुद्री सतहदेखि करिब चार हजार दुई सय मिटरको उचाइमा रहेको तिम्बुङ पोखरी क्षेत्रमा आयोजित तिम्बुङ पोखरी अन्तर्राष्ट्रिय ट्रेल रन (हाफ म्याराथन) प्रतियोगिताको अवसरमा के:लाङ प्रदर्शन गरिएको हो ।

तिम्बुङ पोखरी पर्यटन विकास समितिका अध्यक्ष अमिर राईका अनुसार पर्यटन प्रवर्द्धनसँगै लिम्बू समुदायको मौलिक संस्कृति र परम्पराको संरक्षण गर्ने उद्देश्यले उच्च हिमाली क्षेत्रमा के:लाङ प्रदर्शन गरिएको हो । च्याब्रुङको तालमा सहभागीले नृत्य प्रस्तुत गरेका थिए ।

उनका अनुसार जिल्लाको सिदिङ्वा गाउँपालिका-१ कालिखोलामा अवस्थित तिम्बुङ पोखरी क्षेत्रमा पहिलोपटक गरिएको के:लाङ प्रदर्शनले प्रतियोगितामा सहभागी खेलाडी तथा पर्यटकलाई प्राकृतिक सौन्दर्यसँगै स्थानीय कला, संस्कृति र परम्परासँग परिचित गराएको छ ।

# भोजपुरको "अकबरे खुर्सानी" तराइका बजारसम्म



भोजपुर / भोजपुरमा उत्पादित अकबरे (डल्ले) खुर्सानी तराइका बजारसम्म पुग्ने गरेको छ । पछिल्लो समय देशका विभिन्न प्रमुख सहरमा राम्रो बजार पाउन थालेको छ । गाउँगाउँसम्म यातायातको सहज पहुँच पुगेसँगै यहाँका किसानले उत्पादन गरेको अकबरे खुर्सानी काठमाडौँ, धरान, विराटनगर र झापालगायतका बाह्य जिल्ला तथा सहरमा निर्यात हुन थालेको हो ।

अकबरे खुर्सानीको व्यावसायिक खेती यहाँका अधिकांश किसानका लागि मुख्य आम्दानीको भरपर्दो स्रोत बनेको छ । परम्परागत खाद्यान्न बालीको तुलनामा अकबरे खुर्सानीबाट राम्रो आम्दानी हुने गरेपछि धेरैजसो स्थानीय किसान यसको व्यावसायिक खेतीतर्फ आकर्षित भएका छन् । हाल किसानले स्थानीयस्तरमै प्रतिकेजी रू १५० देखि रू २०० सम्ममा खुर्सानी बिक्री गर्दै आएका छन् ।

पौवादुङमा गाउँपालिका-२, तिवारीभञ्याङका स्थानीय किसान टिकाराम तिवारीका अनुसार तिवारीभञ्याङ संक्लन केन्द्रबाट मात्रै दैनिक ३०० देखि ४०० केजीसम्म खुर्सानी बाह्य जिल्लाका बजारमा पठाउने गरिएको छ । सडक सुविधाका कारण व्यापारी खुर्सानी खरिद गर्न सोझै किसानका खेतबारी र स्थानीय संक्लन केन्द्रसम्म पुग्ने गरेका छन् ।

तिवारीले विगत पाँच वर्ष अघिदेखि खुर्सानी खेतीसँगै अन्य किसानले उत्पादन गरेको खुर्सानी संक्लन गरेर बाहिर पठाउँदै आएको बताए ।

उत्पादन भएको खुर्सानी बिक्री गर्न र बजारीकरणका लागि हाल कुनै समस्या नरहेको भोजपुर नगरपालिका-५ बोखिमका स्थानीय किसान कमला थापाले बताए । भोजपुरको पहाडी हावापानीमा उत्पादन भएको अकबरे खुर्सानी पिरो र स्वादिलो हुने भएकाले बाहिरी जिल्लामा माग उच्च रहेको उनको भनाइ छ ।

जिल्लामा यस वर्ष करिब ५४५ हेक्टर क्षेत्रफलमा अकबरे खुर्सानी खेती भइरहेको कृषि ज्ञान केन्द्र भोजपुरका प्रमुख मुकेशकुमार यादवले जानकारी दिए । यो वर्षको खुर्सानी अझै बिक्री भइरहेकाले कुल कति उत्पादन भयो भन्ने अन्तिम तथ्यांक आउन बाँकी रहेको उनको भनाइ छ ।

गत आर्थिक वर्षमा भने जिल्लामा पाँच हजार २३२ मेट्रिकटन अकबरे खुर्सानी उत्पादन भएको थियो । जसबाट जिल्लामा करिब रू २३ करोड भित्रिएको तथ्यांक रहेको छ ।

स्थानीय तहले पनि खुर्सानीको खेतीको लागि किसानलाई अनुदान सहयोग गर्दै आएका छन् । जिल्लामा उत्पादन भएको खुर्सानीको सहरका बजारमा राम्रो माग रहेको किसानको भनाइ छ ।






## स्वास्थ्य टिप्स

# थकान र कमजोरी महसुस हुनु के को लक्षण हो ?



दमक/ थकित र कमजोर महसुस गर्नु मिर्गौलामा खराबी देखिनु हो । मिर्गौलाले रगतलाई राम्ररी सफा गर्न नसकेपछि शरीरमा विषाक्त पदार्थ जम्मा हुन थाल्छ । यसले व्यक्तिलाई धेरै काम नगरे पनि सधैँ थकित र कमजोर महसुस गराउँछ ।

हाम्रो शरीरको एक महत्त्वपूर्ण अंग हो, जसले रगत शुद्ध गर्ने, शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्ने र रक्तचाप नियन्त्रण गर्ने काम गर्छ । मिर्गौलाको काम सुस्त हुँदा वा राम्रोसँग काम नगर्दा शरीरले केही संकेत दिन्छ । दुर्भाग्यवश, मानिसहरूले यी संकेतहरूलाई सामान्य मानेर बेवास्ता गर्छन् ।

समग्रमा मिर्गौला रोग बिस्तारै विकसित हुन्छ र कहिलेकाहीँ लक्षणहरु यति हल्का हुन्छन् कि मानिसहरूले तिनीहरूलाई बेवास्ता गर्छन् । यदि तपाई यी ६ वटा लक्षणहरु मध्ये कुनै पनि लगातार महसुस गर्दै हुनुहुन्छ भने, यसलाई हल्का रूपमा नलिनु होस् । यो बेवास्ताले पछि मिर्गौला फेलजस्ता गम्भीर अवस्था निम्त्याउन सक्छ ।

**पिसाबमा समस्या**

दोस्रो संकेत पिसाबसँग सम्बन्धित समस्या हो। बारम्बार पिसाब लाग्नु, पिसाबमा जलन हुनु, यसको रंग गाढा वा फेनयुक्त हुनु । यी सबै लक्षणहरूले मिर्गौला फेल भएको संकेत गर्न सक्छन् । यदि पिसाबमा रगत देखियो भने यो अझ गम्भीर लक्षण हुन सक्छ ।

**अनुहार, आँखा वा खुट्टा सुन्निने**

तेस्रो सामान्य लक्षण भनेको अनुहार, आँखा वा खुट्टा सुन्निने हो । मिर्गौलाले शरीरबाट अतिरिक्त पानी निकाल्न नसके पछि त्यो शरीरमा जम्मा हुन थाल्छ । यसको प्रभाव विशेष गरी बिहान आँखा मुनि सुन्निने वा खुट्टामा भारीपनको रूपमा देखिन्छ ।

**भोक नलाग्ने**

चौथो संकेत भोक नलाग्नु र वाकवाकी लाग्नु हो। रगतमा फोहोर पदार्थको मात्रा बढ्दा पाचन प्रणालीमा असर पर्छ । यसका कारण व्यक्तिको खानामा रूचि घट्छ, वाकवाकी लाग्न थाल्छ र कहिलेकाहीँ बान्ता पनि हुन सक्छ ।

**चिलाउने र छाला सुख्खा हुनु**

पाँचौँ लक्षण छालामा चिलाउने र सुख्खापन हो। मिर्गौलाले खनिज र पोषक तत्त्वको सन्तुलन कायम राख्न नसक्दा छालामा असर पर्छ । लगातार चिलाउने, सुख्खा छाला र रातो दाग यसको लक्षण हुन सक्छ ।

**सास फेर्न गाह्रो**

छैटौँ र गम्भीर लक्षण भनेको सास फेर्न गाह्रो हुनु हो । मिर्गौला फेल हुँदा शरीरमा पानी जम्मा हुन सक्छ, जसले फोक्सोमा दबाब दिन्छ । यसबाहेक रगतमा अक्सिजनको मात्रा कम हुँदा सास फेर्न गाह्रो हुन सक्छ ।

**मिर्गौलाको स्वास्थ्यको यसरी ख्याल गर्नुहोस्**

मिर्गौला स्वस्थ राख्न प्रशस्त पानी पिउने, धेरै नुन र प्याक गरिएको खानेकुरा नखाने, रक्तचाप र मधुमेह नियन्त्रणमा राख्ने, चिकित्सकको सल्लाह बिना पेनकिलर वा अन्य औषधि सेवन नगर्ने । एजेन्सीको सहयोगमा

## प्रेरक भनाईहरू

१, सन्तोषभन्दा ठूलो सुख अर्को छैन । असन्तुष्ट मानि संसारभरीकै वैभव पाए पनि सुखी र आनन्दित हुन सक्दैन । एउटा पाएको हुन्न अर्को आवश्यकताको पहाड खडा भइसकेको हुन्छ तर सन्तोषीहरूका अवस्था बेग्लै छ । उनीहरु नरम पलङमा जुन आनन्द पाउँछन् सुकुल र गुन्द्रीमा पनि उति नै सुखी र आनन्दित भइरहेका हुन्छन् ।
महात्मा गौतम बुद्ध

२, क्षमा, दया, सरलता, पवित्रता र सत्यतामा रहनु भनेको अमृत पान गरे सरहको अवस्थामा पुग्नु हो । जुन मानिसमा यस्ता गुण हुन्छन् उनीहरूको भौतिक शरीर नरहे पनि यश र कीर्ति भने चिरकालसम्म स्थिर रहन्छ । आचार्य चाणक्य

३, सत्कर्मले कमाएको धन नै सच्चा धन हो । यस्ता धन टिकाउ हुन्छन्, पुस्तौँसम्म रहन्छन् । दुष्कर्मले कमाएको धन भने क्षणिक मात्र हुँदैन त्यसको राप र तापले जीवनभर पोलिरहन्छ ।
सन्तशिरोमणि विदुर

४, राम्रो काम र कुरालाई असर गर्न बेर लाग्छ । तत्कालै भएन भनेर आत्तिनुहुँदैन तर खराब काम र कुराले भने तत्कालै असर गर्न थाल्छ । त्यसैले यस्ता काम र कुराबाट हमेशा टाढा रहने प्रयास गर्नुपर्छ ।
महात्मा गान्धी

## पुस्तक-साभार

## सुवर्ण शमशेर

### निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

### *सुवर्ण शमशेर: निष्ठाको राजनीतिक यात्रा*

क्रमागत... फौजीभाइहरूले राम्ररी बुझिसकेका छन्। तसर्थ, ती फौजी भाइहरु पनि अहिले कांग्रेसप्रति श्रद्धाभाव राख्दछन् । अब राणासरकारलाई आफ्नै सिपाहीमाथि पनि भरोसा छैन। यता, कांग्रेसको तागत पनि दिनप्रतिदिन बढ्दै छ । कांग्रेसीहरु सिपाहीलाई पनि आफ्नो मित्र ठान्दछन् । तसर्थ, ऐनमौकामा कांग्रेसलाई सबैले साथ दिनेछन् । देशका तमाम रैती, किसान, मजदुर, सिपाही, कर्मचारी सबैजना धमाधम कांग्रेसको सदस्य बन्दै छन् र सबैजना कांग्रेसको आह्वानअनुसार राणा-शाहीलाई समाप्त गर्न तत्पर देखिन्छन् । अब यही वर्षभित्र राणा-शाही समाप्त हुन्छ भन्ने मेरो दृढ विश्वास छ । एउटा जिम्मेवार मानिसका रूपमा वस्तुस्थितिलाई पूर्णत अध्ययन गरेर मैले राणा-शाही यो वर्षभन्दा बढी टिक्न सक्दैन भनेको हुँ ।

अहिले हामीले एउटा कुरो अत्यन्त स्पष्टतापूर्वक बुझ्नुपरेको छ । आखिर हाम्रो लडाइँको उद्देश्य के हो ? हामीले सधैं हाम्रो लडाइँको आदर्श र ध्येयलाई आफ्नो अगाडि स्पष्ट राखेको खण्डमा मात्र हाम्रो लडाइँको रूपरेखा प्रस्टिन्छ। अनि मात्र हाम्रो तागतको पनि सदुपयोग हुन्छ । हामीले नेपाली कांग्रेसको घोषणापत्रमा हाम्रो उद्देश्य प्रस्ट्याइसकेका छौं । तर, मेरो विचारमा अझै पनि घोषणापत्रको यथेष्ट प्रचार हुन सकेको छैन एवं यथेष्ट रूपमा त्यसको सूक्ष्म अध्ययन पनि भएको छैन। यसतर्फ नेपाली कांग्रेसका कार्यकर्ताले ध्यान दिनु बडो आवश्यक छ । कतिपय साथीहरूले घोषणापत्रको सम्बन्धमा केही वैधानिक टिप्पणी गरेका छन् । घोषणापत्रजस्तो महत्त्वपूर्ण प्रकाशनमा कांग्रेसका समस्त प्रतिनिधिहरूसँग सल्लाह नलिइएकोमा उनीहरूका केही गुनासा छन् । त्यस्तै, केही अरु वैधानिक प्रश्न पनि साथीहरूले उठाएका छन् । दुर्भाग्यवश, हाम्रा ती सदाशयी साथीहरूलाई देशको परिस्थितिको खास अनुभव छैन । नेपाली कांग्रेसले जुन विकट र बेढङ्गको परिस्थितिमा काम गर्दै छ, त्यहाँ पार्टीको राष्ट्रिय कार्यकारिणीलाई यथेष्ट अधिकार नदिई काम चल्दैन । कार्यकारिणीले हाम्रो उक्त घोषणापत्रलाई स्वीकार गरिसकेको छ । कार्यकारिणीको आदेशद्वारा नै घोषणापत्र प्रचारमा ल्याइएको हो । प्रतिनिधिसभामै मूल अधिकार निहित भएकाले प्रतिनिधिसभा नबसुन्जेल घोषणापत्र छाप्नु उचित हुँदैन । हाम्रो संस्थाको सर्वोच्च विधायक प्रतिनिधिसभा नै हो। तर, घोषणापत्रको प्रकाशनले यस सर्वोच्च विधायकको अधिकार हनन् भयो भन्ने सोच्नु पनि गलत हो ।

घोषणापत्रको अध्ययन र समीक्षाका सन्दर्भमा एक-दुई लेख आएका छन् । घोषणापत्र तयार गर्ने जिम्मेवारी मेरो रहेको हुँदा घोषणापत्रका आलोचनाहरूको उत्तर दिने जिम्मेवारी पनि मेरै ठहर्दछ । घोषणापत्रका सम्बन्धमा आएका पत्रहरूमा एकाध अस्पष्ट आलोचनाबाहेक अधिकांशमा घोषणापत्रको हार्दिक स्वागत गरिएको छ । यो साँच्चै नै हर्षको विषय हो। तर, फेरि घोषणापत्रले बौद्धिक दृष्टिबाट यथेष्ट मात्रामा हार्दिक स्वागत पाए पनि घोषणापत्रभित्रका कतिपय व्यावहारिक पक्षतिर अध्येताहरूको ध्यान पुगेको छैनजस्तो पनि देखिन्छ । आज राणाविरुद्ध अन्तिम मोर्चामा डट्न तयार भइरहेको बखत हामीले आफ्नो राष्ट्रिय ध्येयको अत्यन्त स्पष्ट जानकारी हासिल गर्नु परम आवश्यक छ । जनताका कर्तव्य के हुन् ? उनीहरूले आगामी लडाइँमा कस्ता लक्ष्य प्राप्त गर्नका लागि प्रयत्न गर्नुपरेको छ, आन्दोलन, लडाइँ वा विजयका क्षणमा हाम्रो सङ्घर्षको लक्ष्य हाम्रा अगाडि रहनुपर्छ । हामीले मोटामोटी रूपमा निम्नलिखित काम गर्नुछः

१. वर्तमान एकतन्त्रीय शासनप्रणालीको अविलम्ब अन्त्य गर्नुपर्छ । प्रस्तुत महायज्ञमा नेपालका नागरिकले आफ्नो शक्ति एवं विश्वासअनुरूप सहयोग दिनु आवश्यक छ । यस राणाशासनले हामीलाई गरिब र अशिक्षित बनाइराखेको छ । हामी अब विद्रोह गर्दछौं । यो राणाशाहीका अड्डा र अफिस घुसखोरी एवं बेइमानीका केन्द्र भएका छन् । हामी त्यसको विरोध गर्छौं । हामी यस सरकारका बडा हाकिमलाई आफ्नो बडा-हाकिम मान्दैनौं । अब, जनबलको वेगमा हरेक जिल्लामा जहाँसुकै र जस्तोसुकै भए पनि सरकारी चिन्हको प्रतीक र अवशेष ध्वस्त र लुप्त हुनेछ। हामी सङ्घर्ष र विद्रोहका क्रममा हाम्रो गतिविधिलाई काठमाडौँमा मात्र सीमित राखेर कदापि सन्तुष्ट हुन सक्दैनौं । अब देशभरिका सरकारी अस्तित्व नष्ट एवं लुप्त भएर जानेछन् ।

२. नेपाली कांग्रेसको घोषणापत्रमा एउटा नितान्त नौलो किसिमको सामाजिक व्यवस्थाको स्थापनाको संकल्प प्रस्ट किसिमले व्यक्त गरिएको छ । सोही संकल्पअनुरूप हाम्रो ध्यान राणाशासनको समाप्ति हुनासाथ भूमि-व्यवस्थातर्फ तुरुन्तै जानेछ । किसानहरूले बडा-बडा बिर्तावाल र भूमिपतिका सबै जमिन तुरुन्तै कब्जा गर्नेछन् । हामी तुरुन्तै गरिब किसानहरूको ऋण माफ भएको घोषणा गरिदिनेछौं । यो अवश्य हो, हामीले भूमि वितरणको कार्यक्रम लागू गर्ने क्रममा समाजमा अनावश्यक द्वन्द्व र कुण्ठाचाहिँ नपलाओस् भन्ने कुरामा सतर्क हुनुपरेको छ । भूमि वितरण एवं अन्य क्रान्तिकारी सामाजिक-आर्थिक लक्ष्य पूर्तिका निमित्त प्रत्येक जिल्लामा एक-एक समिति बन्नेछन् । यस समितिमा जिल्लाका किसान-नागरिकको समुचित प्रतिनिधित्व रहनेछ । क्रमशः ...

## मनोरञ्जन

# फिल्म "हिमालयन गोल्ड" मंसिर ४ देखि हलमा




दमक/ नायक कर्मा शाक्य र नायिका परीक्षा लिम्बू शीर्ष भूमिकामा रहेको फिल्म 'हिमालयन गोल्ड' मंसिर ४ बाट प्रदर्शनमा आउने भएको छ । निर्माण पक्षले प्रेस विज्ञप्ति र पोस्टर सार्वजनिक गरी प्रदर्शन मितिबारे जानकारी दिएको हो ।


यस 'हिमाली सर्वाइभल थ्रिलर' फिल्मले हिमाली भेगमा पाइने बहुमूल्य जडीबुटी यार्चागुम्बा लागि हुने अपराधको कथा समेटेको छ । लेजेन्ड कलाकार सुनील थापाको यो अन्तिम फिल्म हो । उनको केही महिनाअघि मृत्यु भएको हो । रिलिजका हिसाबले उनको यो नै अन्तिम फिल्म हुनेछ ।

निर्माण पक्षका अनुसार फिल्मको शीर्ष भूमिकामा रहेकी नायिका परीक्षाले सोनम नामकी युवतीको भूमिका निर्वाह गरेकी छन् । फिल्ममा समावेश भावनात्मक र नाटकीय अवस्थाहरूको केन्द्रीय कारक उनै हुन् ।

फिल्ममा कर्मा विलकुल फरक भूमिकामा रहेका छन् । उनको लुक्स नै फिल्मको प्रमुख आकर्षण मध्य एकमा पर्छ । प्रदर्शन मिति सार्वजनिक गर्दै निर्माण पक्षले एक पोस्टर पनि सार्वजनिक गरेको छ । पोस्टरमा यार्चागुम्बालाई तस्बिर मात्रै राखिएको छ । यही फिल्मबाट धिराज राजवंशीले निर्देशनमा डेब्यू गरेका छन् ।




आज मिति
२०८३ साल
भदौ ३० गते
मंगलबार
15 Sept. 2026
तिथि: चतुर्थी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | व्यापारबाट लाभ । जीवनसाथीको सहयोग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | घरायसी सामान जोडिने । मन धार्मिक कार्यमा जाने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सहयोगमा मन लाग्ने । सन्तानको सहयोग मिल्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक हेल्मेल । सामान्य लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | हिम्मत बढ्ने । कार्यमा सफल । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आम्दनी बढ्ने । आफन्तको सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | छिमेकीको सहयोग । लेनदेनमा सफल । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | खर्चमा बृद्धि । कार्यमा ढिलाई । |
| धनु | य यो भा भी भ धा फा ढ भे | अकस्मात केही लाभ । आफन्तको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | बन्धुबान्धवबाट सहयोग । रोजगारीको अवसर । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धर्ममा रूचि । व्यवसायबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शरीरमा सामानय समस्या । सामान्य लाभ । |

# तीज सांगीतिक कार्यक्रमबाट संकलित साढे ३ लाख विपद् कोषमा




**दमक/** कतारमा आयोजना गरिएको 'माइती र चेली तीज सांगीतिक दर कार्यक्रम-२०२६' बाट संकलित ३ लाख ५० हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ ।

झापा दमक घर भई दोहा, कतार र काठमाडौंमा सलून सञ्चालन गर्दै आएकी आयुषा श्रेष्ठ खड्काको पहलमा आयोजना गरिएको कार्यक्रममा संकलित रकम भोटेकोशी बाढीपीडितको सहयोगका लागि कोषमा जम्मा गरिएको हो ।

कतारमा आयुषा मेकअप र अलदाना सलून तथा काठमाडौंमा आयुषा सैलून एन्ड एकेडेमी सञ्चालन गर्दै आएकी श्रेष्ठले विपद्को समयमा सहयोग गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेकी थिइन् । रेडिसन ब्लु होटलको सभाहलमा आयोजित कार्यक्रममा कतारमा रहेका नेपाली समुदायलाई सांस्कृतिक रूपमा एकजुट गराउँदै 'शोकलाई शक्तिमा बदलौं' भन्ने सन्देश दिइएको थियो । कार्यक्रममा लोक तथा दोहोरी गायक खेम सेन्चुरीले आफ्ना चर्चित गीत प्रस्तुत गर्दै दर्शकलाई मनोरञ्जन दिएका थिए। सांगीतिक प्रस्तुति सुरु गर्नुअघि उनले नेपालमा आएको विनाशकारी बाढीपहिरोमा उद्धार तथा राहतमा खटिएका सुरक्षाकर्मी र सहयोगीप्रति सम्मान व्यक्त गर्न दर्शकलाई आग्रह गरेका थिए ।

उनले देश दुःखमा परेको बेला कलाकारलाई पनि रमाइलो गर्ने मन नहुने तर कला र सङ्गीतमार्फत पनि देशलाई सहयोग गर्न सकिने बताए । कार्यक्रममा कलाकार वीरेन्द्रकुमार श्रेष्ठ लगायत अन्य कलाकारले समेत सांगीतिक प्रस्तुति दिएका थिए । सो अवसरमा प्रशिक्षण केन्द्रको वेबसाइट सार्वजनिक गर्नुका साथै आयुषा श्रेष्ठ खड्काको जीवन संघर्षमा आधारित वृत्तचित्रसमेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रम समापन गर्दै सभाध्यक्ष श्रेष्ठले प्रवासमा नेपाली मौलिक संस्कृति, परम्परा र संस्कारलाई जीवन्त राख्दै माइती-चेलीबीचको आत्मीय सम्बन्ध थप प्रगाढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताइन् ।

६० वर्षीया इन्द्रकुमारी श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सहसंयोजक अनुस्का खड्काले स्वागत मन्तव्य राखेकी थिइन्। कार्यक्रमको सहजीकरण विजयराज अधिकारी, शारदा भुजेल र अनु सुवेदी बस्नेतले गरेका थिए ।

## जापानमा भारी वर्षाको चेतावनी

# टोकियोसहितका क्षेत्र प्रभावित हुन सक्ने

**एजेन्सी/** जापानको मौसम विज्ञान एजेन्सीले राजधानी टोकियोसहित सात क्षेत्रमा सोमबारसम्म भारी वर्षा हुन सक्ने चेतावनी दिएको छ । टाइफुन र मौसमी वर्षा प्रणालीको संयुक्त प्रभावका कारण पूर्वी जापानका विभिन्न क्षेत्रमा अत्यधिक वर्षाको सम्भावना रहेको एजेन्सीले जनाएको छ । मौसम एजेन्सीका अनुसार टोकियोसँगै साइतामा, कानागावा, चिबा, शिजुओका, आइची र मीका बासिन्दालाई विशेष सतर्कता अपनाउन आग्रह गरिएको छ । केही घण्टाको अवधिमै अत्यधिक वर्षा गराउन सक्ने रेखीय वर्षा पट्टी (लिनियर रेनब्यान्ड) विकास हुने पूर्वानुमान गरिएको छ । यस्तो वर्षा प्रणालीका कारण छोटो समयमै ठूलो मात्रामा पानी पर्न सक्ने भएकाले स्थानीय बासिन्दालाई मौसमसम्बन्धी चेतावनी र प्रशासनका निर्देशन पालना गर्न आग्रह गरिएको छ ।

पूर्वी जापानका केही क्षेत्रमा पहिरो जाने, होचा भूभाग डुबानमा पर्ने तथा नदीमा पानीको सतह बढ्ने जोखिम रहेको मौसम एजेन्सीले चेतावनी दिएको छ । एजेन्सीका अनुसार जापानको दक्षिणमा मौसमी वर्षा प्रणाली लामो समयदेखि सक्रिय रहेको छ । यसैबिच टाइफुन क्रोभान्हबाट आएको तातो तथा आर्द्र हावाले वातावरणलाई थप अस्थिर बनाएको छ ।

मौसमी वर्षा प्रणाली सोमबारतिर उत्तरतर्फ सर्ने अनुमान गरिएको छ । त्यस क्रममा पूर्वी जापानका विभिन्न क्षेत्रमा भारी वर्षा हुने सम्भावना रहेकाले बाढी, पहिरो तथा नदीको बहाव बढ्न सक्ने जोखिमप्रति सतर्क रहन भनिएको छ । रासस

# ठेक्का अलपत्र पार्नेलाई करिब ३ अर्ब जरिवाना

**झापा/** सरकारले हुलाकी राजमार्गअन्तर्गत झापा गाउँपालिका-२ र गौरीगञ्ज गाउँपालिका-१ लाई जोड्ने कन्काइ पुल १४ वर्षसम्म अलपत्र पार्ने पप्पु महादेव खिम्ती संयुक्त उपक्रम (जेभी) कम्पनीलाई जरिवाना तिराउने भएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय इटहरी आयोजनाले सार्वजनिक खरिद ऐनअनुसार जेभीलाई रु एक अर्ब ९९ करोड १२ लाख ५८ हजार ७७५ राजस्व खातामा दाखिला गर्न ३५ दिने सार्वजनिक सूचना जारी गरेको छ ।

सूचनामा तोकिएको समय सीमाभित्र रकम नबुझाएमा निर्माण कम्पनीको जायजेथाबाट सरकारी बाँकी सरह असुलउपर गरिने जनाइएको छ । कार्यालय प्रमुख युवराज पोखरेलले पहिलोपटक निर्माण कम्पनीले पुल निर्माणका लागि धरौटीवापत राखेको रु एक करोड ७१ लाख बैंक जमानत जफत गरी राजस्व खातामा सङ्कलन गरिसकेको जानकारी दिए ।

उनले भने, "हामीले कालो सूचीमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरेर तीन वर्षको लागि कालो सूचीमा राखिसकेका छौं।" प्रमुख पोखरेलले सार्वजनिक खरिद अनुगमन कार्यालयको सिफारिसमा कम्पनीलाई तीन वर्षका लागि कालो सूचीमा राखिसकिएको उनले बताए ।

२०६८ जेठ ३१ गते ७२३ मिटर लामो कन्काइ पुल निर्माणका लागि रु ३४ करोड ९ लाखमा २०७२ जेठ ३० मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो । तर आयोजनाले पाँच पटक म्याद थप गर्दासमेत ५६ प्रतिशत मात्र काम भएपछि गत वर्ष मङ्सिरमा जेभीसँग ठेक्का तोड्ने निर्णय गरेको थियो ।

प्रमुख पोखरेलले सार्वजनिक खरिद ऐनअनुसार अधुरो काम सम्पन्न गर्न लाग्ने थप लागत, पुराना शर्त र हालको लागतबिचको भिन्नता तथा विभिन्न जरिवाना जोडेर उक्त मूल्याङ्कन रकम निकालिएको आयोजना जानकारी दिए। उनले सडक विभाग अन्तर्गतका अन्य कार्यालयबाट निर्माण व्यवसायीले पाउने भुक्तानीसमेत रोक्का राख्न पत्राचार गरिएको छ। तोकिएको अवधिमा रकम जम्मा नभएमा लगत कसेर तहसिल कार्यालयमार्फत असुलउपरको प्रक्रिया अघि बढाइने बताए ।

डेढ दशकदेखि पुल नबन्दा स्थानीयले निकै सास्ती भोग्नुपरेको छ भने वर्खाको समयमा जोखिमपूर्ण डुङ्गा यात्रा र हिउँदमा पैसा तिरेर बाँसको अस्थायी पुलबाट वारपार गर्नुपर्ने बाध्यता झेल्न परेको छ ।

# अर्जुनधारामा चार वर्षमा ४५ किलोमिटर सडक निर्माण

**विर्तामोड/** अर्जुनधारा नगरपालिकाले पछिल्लो चार वर्षमा नगरभित्र करिब ४५ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति भएको जनाएको छ । संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा आर्थिक वर्ष २०७९/८० देखि २०८२/८३ सम्म सडकसहित विभिन्न क्षेत्रमा भएका कामको विवरण नगरपालिकाले सार्वजनिक गरेको हो ।

नगरपालिकाले इलामको कन्याममा आयोजना गरेको पत्रकार सम्मेलनमार्फत चार वर्षको अवधिमा सञ्चालन भएका विकास निर्माण तथा विभिन्न कार्यक्रमका उपलब्धि सार्वजनिक गरेको हो । नगर प्रमुख बलदेवसिंह गोम्देन तामाङले निर्वाचनका क्रममा गरिएका अधिकांश प्रतिबद्धता कार्यान्वयनको चरणमा रहेको दाबी गरे। उनका अनुसार नगरभित्र सडक पूर्वाधारसँगै कृषि, स्वास्थ्य, शिक्षा, खानेपानी, विद्युत् विस्तार, खेलकुद र विपद् व्यवस्थापन लगायतका क्षेत्रमा काम भएको छ । नगरपालिकाले योजना शाखासहित कृषि विकास, स्वास्थ्य, वन, वातावरण तथा विपद् व्यवस्थापन, न्यायिक समिति, आयुर्वेद, शिक्षा र खेलकुद विकास समितिमार्फत भएका कामको तथ्यांकसमेत सार्वजनिक गरेको छ ।

नगर प्रमुख गोम्देनका अनुसार अर्जुनधारा देशमै पहिलोपटक आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह हो । गुणस्तरीय नगर अस्पताल सञ्चालनसँगै नगरमा झापाकै पहिलो पशु अस्पताल स्थापना गरिएको उनले बताए ।

चार वर्षको अवधिमा नगरपालिकाले शुद्ध खानेपानीको पहुँच विस्तार, विद्युत् विस्तार, धनिपूर्जा वितरण, जनता आवास कार्यक्रम, आयुर्वेद अस्पताल सञ्चालन, खेलकुद पूर्वाधार तथा गतिविधिको विकास र विपद् व्यवस्थापनमा समेत काम गरेको जनाएको छ ।

कृषि क्षेत्रलाई नगरपालिकाले प्राथमिकतामा राखेको जनाएको छ। किसान लक्षित कार्यक्रम तथा उत्पादन प्रवर्द्धनसँगै स्वास्थ्य, शिक्षा र सामाजिक विकासका क्षेत्रमा समेत विभिन्न कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले सार्वजनिक गरेको उपलब्धिलाई आगामी योजनाको आधार बनाउँदै बाँकी प्रतिबद्धता पूरा गर्ने दिशामा अघि बढ्ने नगर प्रमुख गोम्देनले बताएका छन् ।

# मोरङ उद्योग व्यापार संघमा नयाँ नेतृत्व निर्विरोध



**उर्लाबारी /**मोरङ उद्योग व्यापार संघको ३५औं कार्यसमिति निर्विरोध निर्वाचित भएको छ । अध्यक्ष अनिलकुमार साहको नेतृत्वमा आगामी कार्यकालका लागि नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो । नयाँ कार्यसमितिका लागि आवश्यक संख्यामा मात्र उम्मेदवारी दर्ता भएपछि सबै पदमा निर्विरोध भएको निर्वाचन समितिले जनाएको छ । सहमति र सहकार्यको परम्परालाई निरन्तरता दिँदै सबै पदमा पदाधिकारी र सदस्यहरु निर्वाचित गरेको संघले जनाएको छ ।

नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा अनिल सारडा निर्वाचित भएका छन् । त्यसैगरी वाणिज्य तर्फका उपाध्यक्षमा विकास बेगवानी र उद्योग तर्फबाट उपाध्यक्षमा संजयकुमार श्रेष्ठ निर्वाचित भएका हुन् । कार्यसमितिको महासचिवमा अमित सारडा, सचिवमा अमित राठी, कोषाध्यक्षमा दिपेश सुवेदी र सह-कोषाध्यक्षमा विनीत सिंघानिया निर्विरोध भए । संघको प्रवक्ताको जिम्मेवारी सुशिल सुरानाले पाएका छन् ।

संघको वाणिज्यतर्फको सदस्यहरुमा सुशिल सुराना, विवेककुमार अग्रवाल, अन्वित घिमिरे निर्वाचित भए । त्यस्तै, उद्योगतर्फ पवन राठी, राजेशकुमार अग्रवाल, मनिषकुमार मारू, देवाशिष गोल्छा र बेदान्त जाजु निर्विरोध निर्वाचित भए ।

नवनिर्वाचित अध्यक्ष अनिलकुमार साहले नयाँ कार्यसमितिले विराटनगर र मोरङको औद्योगिक एवं व्यावसायिक क्षेत्रको विकास र समस्या समाधानका लागि ठोस योजनाका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उद्योग र वाणिज्य दुवै क्षेत्रका अनुभवी व्यवसायीहरु समेटिएको कार्यसमितिले सबैलाई साथमा लिएर निजी क्षेत्रको मनोबल उच्च बनाउन भूमिका खेल्ने साहले बताए ।

***एक करोड....*** कारोबारमा संलग्न रहेको आरोपमा काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका-३ का युवराज घतानी पनि पक्राउ परेका छन् । स्कुटरमा केशरमहलतर्फ गइरहेका उनलाई शंका लागेर खानतलास गर्दा उक्त रकम फेला परेको प्रहरीले जनाएको छ ।

***भोटेकोसी...*** उद्धार गरिएकामध्ये दुई हजार ७८१ जनालाई सुरक्षित रुपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो । बेपत्ता व्यक्तिको पहिचान तथा फेलापरेका शवको सनाखत गर्न डिएनए परीक्षणलाई प्राथमिकता दिइएको छ । भोटेकोसी बाढीपछि ठूलो मानवीय क्षति भएको छ । बेपत्ताको खोजी, उद्धार, शवको पहिचान तथा व्यवस्थापनका लागि नेपाल प्रहरीसहित नेपाली सेना, सशस्त्र प्रहरी बल र सम्बन्धित सरकारी निकाय प्रभावित क्षेत्रमा परिचालित छन् ।

***दुर्घटनामा.....*** अन्दाजी ३४ वर्षीय सागर रेग्मी र सोही स्थानका २९ वर्षीय पारस थापाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले बताए ।

रेग्मी जिल्ला प्रशासन कार्यालय सुनसरीमा करार सेवामा कार्यरत थिए । उनी प्रमुख जिल्ला अधिकारीका स्वकीय सचिवका रूपमा कार्यरत थिए । अर्का मृतक थापा पनि यसअघि जिल्ला प्रशासन कार्यालय सुनसरीमै करार सेवामा कार्यरत रहे पनि केही समयअघि मात्रै राजीनामा दिएको प्रहरीले जनाएको छ ।

***हरितालिका......*** घाइतेको उपचार र घरवारविहिन भएकाको चाँडै घरबार होस भन्ने शान्तिको कामना गर्दै शिवको आराधना गरे ।

'देश दुखेको बेला तीजको खुसी पनि अधुरो हुन्छ' भन्ने भाव धेरै भक्तजनमा देखिन्थ्यो । बाढीपहिरोमा ज्यान गुमाएका, घरबार गुमाएका र आफन्त गुमाएका परिवारको पीडाले तीजको उत्सवलाई समेत संयमित बनाएको उनीहरूको भनाइ थियो ।

तीजको स्वरुप भने समयसँगै बदलिँदै गएको छ । एक समय विवाहित चेलीका लागि तीज माइती पुग्ने दुर्लभ अवसर थियो । वर्षभरि कर्मघरको काममा व्यस्त हुने महिलाका लागि माइतीको आँगनमा पुगेर दिदीबहिनीसँग भेट्नु, सुखदुःख साट्नु र मनका कुरा गीतमार्फत पोख्नु नै तीजको ठूलो खुसी थियो ।

अहिले यातायात, सञ्चार र सामाजिक सञ्जालको विस्तारसँगै तीजको स्वरुप फेरिएको छ । तीज आउनुअघि नै दर खाने कार्यक्रम सुरू हुन्छन् । रेस्टुरेन्ट, पार्टी प्यालेस र विभिन्न संघसंस्थाले कार्यक्रम आयोजना गर्छन् । रातो पहिरन र गरगहनासहितका तस्बिर सामाजिक सञ्जालमा छाउने गरेका छन् । दमकमा पनि यस्ता गतिविधि बढेका छन् ।

तर पुरानो पुस्ताका लागि तीज अझै पनि माइती, चेलीबेटी र आत्मीय सम्बन्धसँग जोडिएको पर्व हो । नयाँ पुस्ताले भने यसलाई धार्मिक आस्थासँगै भेटघाट, मनोरञ्जन र सामाजिक अभिव्यक्तिको अवसरका रुपमा लिन थालेको देखिन्छ ।

यसैबीच, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले तीजले सांस्कृतिक परम्पराको संरक्षणसँगै महिला अधिकार, समानता र सशक्तीकरणको अभियानलाई बलियो बनाउनुपर्ने बताएका छन् । शुभकामना सन्देशमार्फत उनले भोटेकोशी बाढीबाट मुलुक शोकमा रहेकाले यसपटक तीज संयमित र सहयोगी भावनाका साथ मनाउन आग्रह गरे । तीज केवल व्रत र पूजाको पर्व मात्र होइन, नेपाली महिलाको जीवन, सम्बन्ध, संस्कार र बदलिँदो सामाजिक अवस्थाको कथा पनि हो । यसको रुप बदलिँदै जाँदा मौलिकता जोगाउने चुनौती पनि थपिएको छ ।

यस वर्षको तीजले एउटा सन्देश भने दिएको छ-खुसी मनाउन दुःख बिर्सनुपर्दैन, बरू आफ्नो खुसीमा दुःखमा परेकालाई सम्झन सकिन्छ । त्यसैले देश पीडामा रहेका बेला दमकदेखि कोशीका शिवालयसम्म पुगेका महिलाहरूले आस्थासँगै सहानुभूति र मानवीयताको प्रार्थना गरेका छन् ।

***नयाँ अलैंची......*** फुङ्लिङ बजारका व्यवसायीसमेत रहनुभएका रेग्मीका अनुसार भदौ तेस्रो सातापछि अलैंचीको मूल्य निरन्तर घटेको थियो । मनको ९६ हजार रूपियाँमा कारोबार भएको अलैंचीको मूल्य घटेर ८३ हजार रूपियाँसम्म पुगेको र पछिल्लो चार, पाँच दिनयता पुनः दुई हजारले वृद्धि भई प्रतिमन ८५ हजार रूपियाँमा कारोबार भइरहेको रेग्मीले बताए ।

व्यवसायी रेग्मीले अन्तर्राष्ट्रिय बजारबाट अलैंचीको माग नभएका कारण अलैंचीको मूल्यमा गिरावट आएको बताए । अहिले अन्तर्राष्ट्रिय बजारबाट माग नभए पनि गतवर्ष प्रतिमन एक लाख रूपियाँ बढीमा अलैंचीको कारोबार भएको आधारमा स्थानीय व्यापारीले चालु मूल्य निर्धारण गरी कारोबार गर्दै आएको उनको भनाइ छ ।

दसैं तिहारजस्ता चाडपर्व नजिकिएको र अन्तर्राष्ट्रिय बजारबाट समेत माग भएमा अलैंचीको मूल्य केही वृद्धि हुने सम्भावना रहेको उनले बताए । यता यसवर्ष अलैंचीको नयाँ उत्पादन (फसल) बजारमा निस्किन थाल्दा आकर्षक मूल्यमा कारोबार भएको थियो । अलैंची व्यवसायी संघका अध्यक्ष रेग्मीका अनुसार गत वर्षभन्दा यसवर्ष नयाँ अलैंची मनको १४ हजार रुपियाँ बढीमा मूल्यमा कारोबार भएको थियो । गतवर्ष सुरूमा अलैंची प्रतिमन ८२ हजार रूपियाँले कारोबार भएको थियो ।

# नगर अस्पताललाई स्वास्थ्य उपकरण

**दमक/** कन्काइ नगर अस्पताललाई अन्तर्राष्ट्रिय झापाली समाजले ३० लाख बराबरका स्वास्थ्य उपकरण प्रदान गरेको छ ।

झापाली समाजका संस्थापक अध्यक्ष दिनेशकुमार पोखरेलका अनुसार अस्पताललाई एउटा अल्ट्रासाउण्ड मेसिन र बायो रेड डी मेसिन प्रदान गरिएको हो । सो उपकरण अध्यक्ष पोखरेलले कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेललाई हस्तान्तरण गरे ।

काठमाडौंस्थित लिमिनल हेल्थकेयर प्रालिले समाजलाई उपलब्ध गराएको उपकरण आवश्यकताको पहिचान गरी कन्काइ नगरपालिकालाई हस्तान्तरण गरिएको अध्यक्ष पोखरेलले बताए । उपकरणका कारण अस्पतालमा स्वास्थ्य परीक्षण गर्न सहज हुने अपेक्षा गरिएको छ ।

***दमकमा....*** *सद्भाव र विश्वशान्तिको कामना गर्दै कार्यक्रम आयोजना गरिएको हो । नेपालमा पछिल्लो समय प्राकृतिक विपत्ति तथा विभिन्न अस्थिरताका कारण नागरिकले दुःख र कष्ट भोग्दै आएको अवस्थामा देशमा शान्ति, समृद्धि, सद्भाव कायम होस् र विपत्तिबाट मुक्ति मिलोस् भन्ने कामनासहित गणेश आराधना गरिएको उनले बताए ।*

*आयोजक समितिका संयोजक प्रकाश बुढाथोकीको अध्यक्षतामा भएको शुभारम्भ कार्यक्रममा मूल पुजारी प्रेम गौतमले भगवान् गणेशलाई विघ्नहर्ता तथा शुभकार्यका देवताका रुपमा पूजा गरिने उल्लेख गर्दै गणेश आराधनाले सकारात्मक सोच, आपसी सद्भाव र शान्तिको भावना विकास गर्न सहयोग गर्ने बताए ।*

*कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि एवं दमक नगरपालिकाका प्रमुख राम थापाले धार्मिक तथा सांस्कृतिक गतिविधिले समाजलाई एकताबद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । दमकमा पहिलोपटक सुरू गरिएको गणेश पूजालाई व्यवस्थित र निरन्तर सञ्चालन गर्न स्थानीय तहका तर्फबाट आवश्यक सहयोग तथा सहकार्य गर्ने धारणा उनले राखे ।*

*कार्यक्रममा आयोजक समिति सदस्य रोहित आचार्यले स्वागत गरेका थिए । कार्यक्रममा ताप्लेजुङस्थित पाथीभरा धामका पुजारी डिल्लीराम आचार्य, पाथीभरा बाबा, सशस्त्र प्रहरी उपरीक्षक दिनेश बस्नेतलगायतको उपस्थिति थियो ।*

*आयोजकका अनुसार आजदेखि सुरू भएको गणेश पूजा तथा आराधना आगामी असोज ५ गतेसम्म सञ्चालन हुनेछ । पूजा अवधिभर दैनिक भगवान् गणेशको पूजा-आराधना, भजन तथा आरती गरिनेछ ।*

*महोत्सवअन्तर्गत रसुवा बाढीमा परी ज्यान गुमाएका दिवंगत आत्माको सम्झनामा दीप प्रज्वलनलगायतका कार्यक्रमसमेत आयोजना गरिने आयोजकले जनाएको छ । धार्मिक कार्यक्रमसँगै सामाजिक सद्भाव, मानव कल्याण तथा विश्वशान्तिको कामना गरिने आयोजक समितिले जनाएको छ ।*

*असोज ५ गते विशेष समापन कार्यक्रमसँगै गणेशजीको नगर परिक्रमा गराई मूर्ति विसर्जन गर्ने कार्यक्रम रहेको छ । कार्यक्रममा भक्तजन तथा सर्वसाधारणको सहभागिताका लागि आयोजकले आग्रह गरेको छ ।*

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## सर्टिफिकेट हराएको सूचना

मिति २०८३/०५/२० गते उर्लाबारीदेखि दमक जाने क्रममा मैरो राष्ट्रिय परीक्षा बोर्ड (NEB) बाट जारी भएको सर्टिफिकेट हराएको हुँदा भैट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध छ ।

| | | |
|---|---|---|
| नाम | : | दिप्सन निरौला |
| ठेगाना | : | उर्लाबारी-६, मोरङ |
| रजिष्ट्रेसन नम्बर | : | 801050600083 |
| सिम्बोल नम्बर | : | 20510216 |
| उत्तीर्ण वर्ष | : | 2081 |
| फोन | : | 9815313858 |

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com